## अदालती शुल्क (कोर्ट फी)

कुनै रकम वा सम्पत्ति दावी गरी मुद्दा दायर गर्दा दावी गरिएको विगोको आधारमा निम्न बमोजिमको अदालती शुल्क लाग्छ।

➢ रु. २५०००।- सम्म विगो भएकोमा रू ५००।-
➢ रु. ५०,०००।- हजार सम्म विगो भएकोमा दोश्रो २५०००।-को ५%
➢ रु.१,००,०००।-सम्म विगो भएकोमा तेस्रो ५०,०००।- ३.५%
➢ रु. ५,००,०००।-सम्म बिगो भए चौथो ४,००,०००।- सम्मका लागि २%
➢ २५ लाख रूपयाँसम्म भए पाचौं २० लाख रूपयाँ सम्मको १.५%
➢ २५ लाख भन्दा माथि जतिसुकै विगो भएपनि बढी अंक जतिको १%

## दस्तुर

➢ फिराद दस्तुर रु.२००।- सबै मुद्दामा
➢ प्रतिउत्तर दस्तुर रु.२००।-
➢ प्रतिदावी दस्तुर रु.३००।-
➢ पुनरावेदन दस्तुर रु. ३००।-
➢ जग्गा सम्बन्धि, रसिद र भरपाई सम्बन्धि, निकास सम्बन्धि, निषेधाज्ञा, आदेशात्मक आदेश, सक्षमता निर्धारण, सम्बन्ध विच्छेद, नाता कायम, मृत्युको न्यायिक घोषणा लगायतका मुद्दामा रु. ५००।-
➢ अंश मुद्दा र लिखत वा कागज बदर मुद्दामा रू. १,०००।-
➢ करार सम्बन्धी विवादमा २५००।-
➢ अधिकृत वारेसनामा प्रमाणित गर्न निवेदन लिनेदिने ३ पुस्ता भित्रको भए रु.५००।- अन्यलाई रु.५०००।-
➢ अन्य सामान्य निवेदनहरुमा रु १०।- दस्तुर लाग्दछ।
➢ नक्कल दस्तुर आफैं सारी लगेकोमा प्रतिपाना रु.५।- अड्डाकै तर्फबाट सारी दिएमा रु.१०।-

## पुनरावेदन

➢ यस जिल्ला अदालतले गरेको फैसलामा चित्त नबुझे उच्च अदालत पाटन, ललितपुरमा फैसला प्रमाणिकरण भएको मिति वा फैसला सुनि पाएको मिति वा फैसलाको नक्कल लिएको मिति वा दण्ड जरिवाना बुझाएको मिति वा पुनरावेदनको म्याद पाएको मितिमा जुन अघि छ सो मितिबाट देवानी मुद्दामा ३० दिन भित्र र सरकारीवादी फौजदारी मुद्दामा ७० दिन भित्र पुनरावेदन गर्न पाइन्छ।

## पुनरावेदन

✓ अदालत प्रवेश गर्दा परिचय खुल्ने प्रमाणपत्र लिएर आउनुहुनेछ।
✓ हातहतियार वा निषेधित समान लिएर आउनु हुनेछैन।
✓ सेवा प्राप्त गर्ने क्रममा कर्मचारीहरुलाई सहयोग गर्नुहुनेछ।
✓ पालो पर्खी धैर्यताको प्रदर्शन गर्नुहुनेछ।
✓ समयलाई विशेष ध्यान दिनुहुनेछ।
✓ चुरोट, गुटका, पान, सुर्तीजन्य लगायतका पदार्थहरु अदालत परिसर भित्र ल्याउनु हुने छैन।
✓ सुरक्षाकर्मीबाट हुने चेकजाँचमा सहयोग गर्नुहुनेछ।
✓ इजलाशमा प्रवेश गर्दा पालना गर्नुपर्ने सामान्य नियमहरुको पूर्ण पालना गर्नुहुनेछ।

## वैतनिक वकिल तथा प्रोबोनोको सुविधा :-

➢ अदालतबाट नियुक्त भएका वैतनिक कानून व्यवसायी तथा प्रोबोनोबाट असहाय अशक्त, नावालिग वा आर्थिक रुपमा विपन्न रहेका मुद्दाका पक्षहरुलाई माग र आदेशानुसार निःशुल्क सेवा दिने गरिन्छ।

## अदालतमा मुद्दा वा निवेदन दर्ता गर्दा अपाउनुपर्ने प्रकृया

➢ फुलस्केप साइजको नेपाली सादा कागजमा एकातर्फ मात्र कालो मसीले ऋफउगतभच टाइप गरिएको हुनुपर्दछ।
➢ लिखत दर्ता गराउन ल्याउने व्यक्ति र विपक्षी वनाइएको व्यक्तिको स्पष्ट नाम, थर, ठेगाना तथा टेलिफोन नं. र मोवाइल नं. खुलाउनु पर्दछ।
➢ पहिलोपटक लिखत दर्ता गर्न ल्याउने व्यक्ति वा अड्डामा कागज गर्न आउने व्यक्तिले आफ्नो परिचय खुल्ने नागरिकता वा अन्य कुनै प्रमाण पेश गर्नु पर्दछ।
➢ मुद्दा वा निवेदनसाथ पेश गर्ने प्रमाण कागजहरुको सक्कल र नक्कल साथै पेश गर्नु पर्दछ।
➢ अदालतमा पेश हुने लिखत दर्ता गर्दा लाग्ने दस्तुर र पेश गर्न पर्ने कागजात गुनासो सुन्ने अधिकारी जस्ता जानकारीमुलक सुचनादिने जस्ता जानकारी यस अदालतमा रहेका नागरिक वडापत्र तथा वेव साइटबाट प्राप्त गर्न सकिन्छ।

## मुद्दा दर्तादेखि फैसला हुदासम्म अपनाइने प्रकृया

➢ मुद्दा दर्ता गर्न ल्याउने व्यक्तिको मुद्दा जाँची रीतपूर्वकको भएमा दर्ता र रितपूर्वक नभएका दरपिठ गरिन्छ।
➢ मुद्दा दर्ता भएपछि विपक्षीहरुका नाउँमा समय तोकी प्रतिउत्तर लगाउन जानकारी पठाइन्छ।
➢ विपक्षीको प्रतिउत्तर परेपछि वा प्रतिउत्तर पर्ने समय सकिएपछि मुद्दा न्यायाधीश समक्ष पेश हुन्छ।
➢ न्यायाधीशबाट भएका आदेशवमोजिम साक्षी लगायतका प्रमाणहरु बुझ्ने कार्य हुन्छ।
➢ सबै प्रमाण बुझिसकेपछि न्यायाधीशबाट फैसला हुन्छ।

## निरन्तर सुनुवाई

अपहरण, आगालागी, घरेलु हिंसा, चोरी, जवरजस्ती करणी, ठगी, मानव वेचविखन, आगुऔषध लगायत सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मुद्दाहरु अदालतमा दर्ता भएपछि निरन्तर रुपमा प्रमाण बुझी छिटो कारवाही किनारा गरिन्छ।

" मेलमिलाप गरौं विवाद नबढाऔं"
धन्यवाद !

सबैको लागि न्याय, मुस्कान सहितको न्याय सेवा
"न्यायपालिकाको स्वतन्त्रता : न्यायिक सुशासन हाम्रो प्रतिवद्धता"

# काभ्रेपलाञ्चोक जिल्ला अदालत

## धुलिखेल, काभ्रे



# जानकारी पत्र

Phone No.: 011-420291
Website:
www.supremecourt.gov.np/court/kavrepalanchokdc
Email: info.dckavre@supremecourt.gov.np

## काभ्रेपलाञ्चोक जिल्ला अदालतको जानकारी पत्र (Brochure)

न्यायपालिकाको चालु चौथो पञ्चवर्षिय रणनीतिक योजनाले सम्पूर्ण सेवाग्राहीलाई अदालतसम्मको पहुँच, अदालतमा हुने काम कारवाही, गुनासो उजुरी जस्ता अदालतका विविध विषयमा जानकारी दिई न्यायमा सहज पहुँच पुर्यातउनका लागि अदालतको भौतिक अवस्थिती, अदालतबाट दिईने सेवाहरु, मुद्दा दर्ता सम्बन्धी व्यवस्था उजुरी, निशुल्क कानूनी सेवा, अदालती कारवाही र कार्यविधि, पुनरावेदन तथा फैसला कार्यान्वय जस्ता विविध विषयलाई समावेश गरिएको छ।

काभ्रेपलाञ्चोक जिल्ला अदालत यस जिल्लाको सदरमुकाम धुलिखेल न.पा. वडा नं ७ सरस्वती बजारबाट करिव ८०० मिटर पूर्वतिर अड्डा बजारमा रहेको छ। अदालतको अगाडी पट्टी विश्राम कक्ष, अदालतको अगाडि पछाडि दुवैतर्फ पार्किङ्ग स्थल र सो को दक्षिण तर्फ महिला तथा पुरुषको लागि छुट्टाछुट्टै शौचालय रहेको छ। उत्तर तर्फ मुल गेटमा प्रहरी चेकपोष्ट रहेको छ। सेवाग्राहीहरुले चेकपोष्टबाट चेक जाँच गरी नामदर्ता गराई सकेपछिमात्र अदालत भित्र प्रवेश गर्न सकिने व्यवस्था गरिएको छ।

## अदालतका कोठामा रहेका शाखाहरुबाट दिइने सेवाहरु

### अदालत भवनको भुइ तलामा रहेका कक्षहरु

**क) कोठा नं. १ स्रेस्तेदार कक्ष :**

अदालतको प्रशासनिक प्रमुखका रुपमा स्रेस्तेदार रहन्छन् । निजबाट अदालतमा दर्ता हुन आएका मुद्दा दर्ता तथा दैनिक प्रशासनको कार्य सञ्चालन गरिन्छ र मुद्दा दर्ता गर्दा मुद्दाको कामकारवाहीको बारेमा परामर्श समेत दिने गरिन्छ।

**ख) कोठा नं. २ अधिकृत कक्ष**

मुद्दाको नियमित निरीक्षण र अन्य मुद्दा सम्बन्धी काम कारवाहीको अनुगमन, प्रशासनिक कार्य तथा सोधपुछ सम्बन्धि जानकारी दिने गर्ने गरिन्छ।

**ग) कोठा नं. ३ अभिलेख शाखा**

मुद्दा फैसला भएपछि फैसला भएको मिसिलहरु Computer Entry गर्ने कागजात सडाउने लगायतका अभिलेख व्यवस्थापनको कार्य गरिन्छ। तथा सेवाग्राहीले अदालतमा तिर्नु बुझाउनुपर्ने दस्तुर धरौटी जरीवाना बुझिलिने जस्ता अदालतको आर्थिक प्रशासनिक कार्य गरिन्छ।

**घ) कोठा नं. ४ प्रशासन तथा दायरी शाखा**

अदालतमा दर्ता गर्न ल्याएका मुद्दा तथा बिशेष प्रकृतिका निवेदन दर्ता गर्ने तथा प्रशासन सम्बन्धि कार्य गरिन्छ।

**ङ) कोठा नं. ५ मुद्दा शाखा**

मुद्दा दर्ता देखि फैसला नहुँदा सम्म गर्नुपर्ने सम्पूर्ण कामकारवाहीहरु जस्तै तारेख लिने, प्रमाण लिने समेतका काम गरिन्छ। यस कोठाभित्र मुद्दा शाखा १,२ र ३ रहेको छ। सेवा दिने काम झ्यालबाट गरिन्छ।

**च) दर्ता तथा सोधपुछ**

दर्ता चलानी भुई तल्लामा रहेको छ । अन्य कार्यालयबाट आएका चिठी पूर्जिको दर्ता र अन्य कार्यालयमा पठाउने चिठी पूर्जिको चलानी गरिन्छ।

**अदालत भवनको दोस्रो तलामा रहेका कक्षहरु**

छ) इजलास –३ बटा :–मुद्दा सुनुवाई हुने ठाउँ।

ज) म्याद तामेली शाखाः–

अदालतको दोस्रो तल्लामा म्याद तामेली शाखा रहेको छ। यस जिल्लामा दर्ता भएका मुद्दामा जारी भएका म्याद र बाहिर अदालतबाट आएका online म्याद समेत दर्ता गरी तामेलीको लागि पठाउने तथा तामेल भईसकेपछि तामेली म्याद पठाउने कार्य यस शाखाले गर्दछ।

**झ) आर्थिक प्रशासन शाखा**

लेखा सम्बन्धि सम्पुर्ण काम र धरौटी सम्बन्धि काम यस शाखाले गर्दछ।

**ञ) सूचना तथा प्रविधि (IT) शाखा**

यस शाखाबाट फैसला, ईमेल, Online तारेख तामेली, तथा सूचना सम्प्रेषण गरिन्छ। मुद्दाको दैनिक पेशीको प्रगति डिस्प्ले टि.भी. मार्फत देखाइन्छ।

**ट) न्यायाधीश चेम्वर–२ वटा**

यस कोठाबाट माननीय न्यायाधीशवाट न्यायिक कार्य बाहेकका प्रशासनिक कार्य, र पूर्णवैठक जस्ता कार्यहरु सञ्चालन हुन्छ।

**अदालत भवनको तेस्रो तलामा रहेका कक्षहरु**

**ठ) पुस्तकालय शाखा र सभाहल**

यस शाखामा विविध किसिमका कानूनी पुस्तक, राजपत्र, नेपाल कानुन पत्रिका तथा अन्य पत्रपत्रिकाहरु राखिएको हुन्छ । साथै सोही हलमा अदालतका विभिन्न बैठक तथा तालिम कार्यक्रम सञ्चानलन गरिन्छ।

**ड) चेम्बर नं. –३**

मुल भवन भन्दा बाहिर

**ढ) तहशिल शाखा**

अदालतको मुल भवनबाट उत्तर–पुर्व मुल गेटसँगै तहशिल शाखा रहेको छ। अदालतबाट अन्तिम भएका फैसला कार्यान्वयनको लागि तहसिल शाखा रहेको छ। फैसला कार्यान्वयन गर्ने कार्य सामान्यतया छ महिनाभित्र सम्पन्न गरिन्छ। फैसला कार्यान्वयन गर्दा अदालती शुल्क राखी दायर भएको मुद्दामा चलन चलाउने गरी कार्यान्वयन गरिएको बिगोको ३%, बिगो नखुलेकोमा रू एक हजार र बिगो भराए अंकको ३% र अंश छुट्याएको बिगोको २.५ प्रतिशत र कोर्ट फी नराखी दायर भएको दुनियावादी फौजदारी प्रकृतिका मुद्दामा बिगोको १० प्रतिशत दस्तुर लाग्छ।

**ण) विश्राम स्थल**

अदालतको भवनको ठिक अगाडी रहेको ट्रस्टलाई सेवाग्राहीको लागि विश्राम स्थलको रुपमा प्रयोग गर्न सकिनेछ। साथै सेवाग्राहीहरु बस्नको लागि आवश्यक व्यवस्था गरिएको छ।

**त) मेलमिलाप केन्द्र**

अदालतमा कारवाहीयुक्त अवस्थामा रहेका कानून बमोजिम मेलमिलाप हुन सक्ने मुद्दामा न्यायाधीश, स्रेस्तेदारबाट आदेश भएमा वा मुद्दाका पक्षबाट अनुरोध भएमा मेलमिलाप शाखामा पठाई मेलमिलापकर्ताद्वारा मेलमिलाप गराउने कार्य गरिन्छ । यस अदालतमा सूचीकृत मेलमिलापकर्ताको संख्या ४५ रहेको छ।

**मेलमिलाप नै किन ?**

| | |
|---|---|
| –असमझदारी हटाउन । | –विवादको दिगो समाधान हुने । |
| –दुवै पक्षलाई जितको अनुभूति हुने । | –विवाद शीघ्र समाधान हुने । |
| –कम खर्चिलो हुने । | –समयको बचत हुने । |
| –अदालती शुल्क छुट हुने । | |

## आफुलाई चित्त नबुझेको कुरामा गुनासो कहाँ राख्ने ?

१) कर्मचारीहरुको व्यवहार/काम कारवाही उपर चित नबुझे स्रेस्तेदार समक्ष कोठा नं. १ तथा स्रेस्तेदारको काम कारवाही तथा समग्र कर्मचारीहरुको काम कारबाहीमा चित नबुझे जिल्ला न्यायाधीश समक्ष गुनासो राख्न सकिन्छ।

२) अदालतमा रहेको गुनासो पेटिकामा लिखित गुनासो राख्नन सकिन्छ।

३) अदालतले समय समयमा मुद्दाका पक्षहरुलाई न्यायाधीशसँग भेटघाट( Meet the Judge) कार्यक्रम राख्ने हुँदा उक्त कार्यक्रममा मुद्दाको विषयबस्तु बाहेक अन्य विषयहरु राख्न सकिन्छ।

## बन्द इजलास :- (खुल्ला इजालसलाई नै आवश्यकता अनुसार वन्द इजलास कायम गरिन्छ

बालबालिका पक्ष भएका फौजदारी मुद्दा, जबरजस्ती करणी, महिला पीडित भएका फौजदारी मुद्दा हाडनाता करणी लगायतका मुद्दाहरु वन्द इजलासबाट हेरिन्छ। यस्ता मुद्दाको सुनुवाई गर्दा मुद्दाका सम्बन्धित पक्ष कानून व्यवसायी, सरकारी वकिल, विशेषज्ञ, पीडित व्यक्ति तथा अदालतले अनुमती दिएका व्यक्तिमात्र इजलासमा प्रवेश गर्न पाउछन।

**वाल इजलास:** वालवालिका पक्ष भएका मुद्दाहरुको सुनुवाई यस इजलासबाट हुने गर्दछ। जिल्ला अदालतको प्रमुख जिल्ला न्यायाधीशले बालबालिका सम्बन्धि मुद्दा हेर्ने व्यवस्था रहेको छ।

## यस अदालतबाट प्रदान गरिने सेवा

कानूनले व्यवस्था गरी अन्य निकायले हेर्ने भनी तोकिएका मुद्दाहरु बाहेक काभ्रेपलाञ्चोक जिल्लाभित्रका सबै विवादहरुको शुरु कारवाही र किनारा गर्नुका साथै देहाय बमोजिमका कार्य समेत यस अदालतले गर्ने गर्छ।

१. मृत्यूको न्यायीक घोषणा
२. दर्ता बिवाह (Court Marriage)
३. संरक्षक प्रमाणित
४. माथवर नियुक्ति
५ धर्मपत्र / धर्मपुत्री राख्ने,
६. गुठी संचालक नियुक्ति,
७. अधिकृत वारेसनामा प्रमाणित

## यस अदालतबाट १ घण्टा भित्र सम्पन्न गरिने कार्यहरु निम्न बमोजिम छन

- नक्कल दिने।
- पेशी तारेख तोक्ने।
- गुज्रेको तारिख थाम्ने / थमाउने।
- अधिकृत वारेसनामा, सकारनामा, विवाह दर्ता लगायतका विशेष प्रकृतिका निवेदनहरु।
- फिराद, प्रतिउत्तर, मिलापत्र, पुनरावेदन दर्ता, मुद्दा फिर्ता, तामेली आदीको निवेदन दर्ता गर्ने।
- लिखत जवाफ वा अन्य प्रमाण कागजात पेश गर्ने।
- जुनसुकै फुटकर निवेदन दर्ता गर्ने।
- पेशी तारेख लगायत मुद्दाको कारवाही सम्बन्धी जानकारी सूचना लिने/ दिने।

## अदालतबाट सेवाग्राहीहरुलाई निःशुल्क प्रदान गरिने निवेदनहरु

- अदालतबाट सेवाग्राहीहरुलाई निःशुल्क प्रदान गरिने निवेदनहरु
- यस अदालतबाट निःशुल्क रुपमा ७२ प्रकारका विभिन्न निवेदनका ढाँचा मुद्दाका पक्षस्वयंलाई उपलब्ध गराईने व्यवस्था छासाथै असमर्थ पक्षहरुलाई ती फारमहरु फाँटका कर्मचारी वा वैतनिक वकिलद्वारा निःशुल्क भरीदिने व्यवस्था छ।
- अदालतमा मुद्दा दायर गर्ने आउने पक्षलाई परामर्श सेवा प्रदान गर्नेगरिन्छ।
- सर्वोच्च अदालत तथा विशेष अदालतमा विचाराधिन मुद्दाहरुको अनलाइन तारेख समेत दिने गरिन्छ।
- मातृभाषा बाहेक अन्य भाषा बोल्न नजान्ने पक्ष भएमा सकेसम्म त्यस्ता पक्षलाई जान्ने भाषामा जानकारी दिने गरिन्छ।